Yadav!
2068/03/21

बी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान
धरान, नेपाल
B. P. Koirala Institute of Health Sciences
Dharan, Nepal

Ref. No. ८६/०६३/०६४ V.C. off.

मिति: २०६३।१०।२५

## नर्सिङ्ग शिक्षक तथा कर्मचारीहरू सम्वन्धमा ।

यस बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा कार्यरत नर्सिङ्ग(शिक्षक तथा कर्मचारी)हरूको पीरमार्का वारे पटक पटक भएका अर्न्तक्रिया, छलफल सौहार्दपूर्ण वातावरणमा सुझवुझका साथ अगाडि बढेकोमा यहाँहरूको सदाशयतावाट म प्रभावित भएको छु । सम्पूर्ण देशनै अस्थिरताको अवस्थामा रहे पनि यस प्रतिष्ठानका शैक्षिक कार्यक्रमहरू सूचारू रूपले सञ्चालन हुनु तथा अस्पताल सञ्चालनवाट विरामीहरूले पाएको सेवाले हाम्रो विशिष्टताको परिचय दिएको छ भने हामी हाम्रा आन्तरीक मुद्दाहरू सामाजिक न्यायको आधारमा समाधान गर्न पनि उत्तिकै कटिवद्ध छौं । विभिन्न चरणको सम्वाद पछि समस्याहरू छुट्टाछुटै प्रकृतिका भएकाले समाधानार्थ निम्न कुराहरू चरणवद्ध रूपमा गर्दै जाने सहमती हामी विच भएको छ :

१. विद्यमान नियमको परिधिभित्र रही स्वीकृत दरवन्दी अनुसार विज्ञापन गरी यथाशीघ्र पदपुर्ति गर्ने ।

२. हालको विद्यमान व्यवस्था अनुरूप अध्ययन विदा सम्वन्धमा निर्णय गर्ने ।

३. नर्सिङ्ग सेवा तथा शिक्षामा कार्यरत व्यक्तिहरूको योगदान, प्रतिभा, अनुसन्धान, क्षमता र वरिष्ठताको आधारमा प्रतिष्ठानको प्रशासकिय पदहरूमा आलोपालो गरी अवसर प्रदान गर्न तथा जिम्मेवार पदमा प्रतिष्ठानको नियमानुसार प्रतिनिधित्व गराउन पहल गर्ने ।

४. सञ्चालनमा रहेका शैक्षिक कार्यक्रमहरूलाई सुदृढ गरी भावी शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्न पहल गर्ने ।

५. नर्सिङ्ग पेशालाई प्राविधक समुहमा राख्ने, भत्ताहरू उपलब्ध गराउने, आन्तरिक वढुवा तथा अध्ययनको पहल गर्ने, अ.न.मी.हरूको तलवमान मिलान तथा पदस्थापना र अध्ययनार्थ व्यवस्था, विद्यमान नर्सिङ्ग,शैक्षिक पदहरूको वर्गीकरण सम्वन्धमा कार्य प्रगती हेरी कार्यकारिणी समिति, छनौट समिति, प्राज्ञिक समिति तथा सञ्चालक परिषदमा चरणवद्ध रूपमा लग्ने ।

तत्काल गर्न सकिने कार्यहरू वाहेक अन्य कार्य गर्न यहांहरू जस्तै सचेत व्यक्तिहरूको सक्रिय खांचो हुने तथा प्रतिष्ठानमा विभिन्न प्रकारका जनशक्ति भएको र वहाँहरूको समेत सहकार्यवाट अगाडि वढ्न पनि आग्रह गर्न चाहान्छु ।

प्रतिष्ठानको गरिमा हामी सबैको संयुक्त प्रतिविम्ब हो । सवल प्रतिष्ठानवाटनै समाजमा हाम्रो पहिचान र मुल्याङ्कन हुने हुँदा यस तर्फ सबै साथीहरूको सतत प्रयासको लागि आभार व्यक्त गर्न चाहान्छु ।

धन्यवाद ।

(हस्ताक्षर)
प्रा.डा.पूर्णचन्द्र कर्माचार्य
उपकुलपति